# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय

## मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०७४÷०३÷२८)**

यस बैंकको सिद्धार्थनगर कार्यालयले आगामी आर्थिक वर्ष २०७४/०७५ मा फुटकर रुपमा खरीद गर्ने तपसील बमोजिमका सामान तथा सेवा आपूर्तिकर्ताहरुको सूची तयार गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था तथा कम्पनीहरुले उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस बैंकको सिद्धार्थनगर कार्यालयको मौजुदा सूची (स्ट्याण्डिङ्ग लिष्ट) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन पेश गर्दा उल्लेखित विवरणहरु भरी सहीछाप गरी तोकिएका कागजातहरुका साथ पेश गर्नुपर्ने छ । आवश्यक विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदकलाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस बैंकमा निहित रहनेछ । अन्य थप कुरा बुझ्न परेमा यस कार्यालयको आन्तरिक प्रशासन फांटमा सम्पर्क राख्न सकिने छ ।

**तपसील**

| क्र.सं | विवरण | क्र.सं | विवरण |
|---|---|---|---|
| (क) | **खरीद तथा आपुर्तितर्फः-** | (ख) | **मर्मत सम्भार तर्फः-** |
| १ | स्टेशनरी तथा फूटकर सामानहरु | १ | सवारी साधन मर्मत |
| २ | फर्निचर सामानहरु | २ | एयरकण्डिसनर, फ्रिज आदी मर्मत |
| ३ | छपाई सम्वन्धी कार्य | ३ | जेनेरेटर मर्मत |
| ४ | एयरकण्डिसनर तथा पार्टपुर्जा | ४ | प्लम्बिङ्ग सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ५ | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, नोट काउण्टिंग मेशीन, EPABX सिष्टम, यु.पि.एस., फ्याक्स आदि) | ५ | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, नोट काउण्टिंग मेशीन, EPABX सिष्टम, यु.पि.एस., फ्याक्स आदि) मर्मत सेवा |
| ६ | विभिन्न मेशिनरी सामानहरु तथा त्यसका पार्टपुर्जाहरु | ६ | बिजुली, पंखा तथा अन्य विद्युतीय उपकरणहरुको मर्मत सेवा |
| ७ | पर्दा, कार्पेट, डोरमेट लगायतका फर्निसिङ्ग सामानहरु | ७ | भवन मर्मत |
| ८ | कार्यालय सरसफाईका फुटकर सामानहरु | ८ | फर्निचर मर्मत |
| ९ | बिजुलीका सामानहरु | ९ | दराज, फाइलिङ, क्याबिनेट आदी मर्मत सेवा |
| १० | निर्माण तथा रङ्गरोगन सम्वन्धी सामानहरु तथा सेवा | १० | कम्प्युटर नेटवर्किङ सेवा |
| ११ | सवारी साधनको पार्टपुर्जा तथा लुब्रिकेण्ट्स | (ग) | **परामर्श सेवा तथा अन्य सेवा आपुर्तितर्फः-** |
| १२ | विविध फुटकर सरसामानहरु | १ | परामर्श सेवा (निर्माण तथा मर्मतका लागि) |
| १३ | ट्रंक बाकस | २ | सवारी साधन भाडामा उपलब्ध गराउने |
| १४ | सौर्य उर्जा उपकरण | ३ | सरसफाई भाडामा उपलब्ध गराउने |
| १५ | पत्रपत्रिका तथा पुस्तक | ४ | कुरियर सेवा तथा विज्ञापन एजेन्सी सेवा |
| १६ | हार्डवेयर तथा फिटिङ | ५ | प्लम्बिङ तथा कपडा धुलाई (लौण्ड्री) सेवा |

**आवेदनका साथमा पेश गर्नुपर्ने कागजातहरुः-**

१. फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. VAT/PAN दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व.२०७२/०७३ को कर चुक्ताका प्रमाणपत्र वा आ.व.२०७३/०७४ को कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि ।
४. पेशागत कसुरमा सजाय नपाएको स्वघोषणा तथा हाल कुनै मुद्दा मामिला भएमा सोको विवरण ।
५. फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोवाइल नं., फ्याक्स नं., इमेल, वेभसाइट आदि ।
६. परामर्शदाताको हकमा तोकिए वमोजिमको जनशक्ति विवरण ।

**नोटः-** १. मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान भएमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र पेश गर्न आवश्यक हुनेछैन ।
२. आवेदकले आवश्यकता अनुसार आफ्नो व्यवसायको क्षमता, कार्य अनुभव, वित्तिय सक्षमता सम्वन्धी कागजातहरु समावेश गर्न सक्ने छन् ।

**नेपाल राष्ट्र बैंक**
सिद्धार्थनगर कार्यालय
फोन नं. ०७१-५२०१८८